

प्रतिनिधिमूलक कथा

# नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकः

## नेपालमा स्थानीय जोखिम सुशासन सुदृढीकरणका लागि एक उत्प्रेरक

Climate Resilience Alliance

IFRC

नेपाल रेडक्रस सोसाइटी

# नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचक

नगर विपद् जोखिम मूल्याङ्कनको सूचक, एक सरल, प्रयोगमैत्री, सान्दर्भिक र चुस्त स्वमूल्याङ्कको औजार हो। यसले स्थानीयपालिकाका अधिकारी, जनप्रतिनिधिहरू र सरोकारवालाहरूलाई त्यहाँको स्थानीय सन्दर्भ अनुसार विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित उनीहरूको भूमिका, जिम्मेवारीका साथै विद्यमान स्रोतको पहिचान, सवलता, कमजोरी र प्राथमिकताका बारेमा राम्रोसँग बुझ्न मद्दत गर्दछ ।

यो नगर विपद् जोखिम सुशासन सूचकले ६ वटा विषयगत क्षेत्रमा ६५ वटा सूचकहरू निर्धारण गरेको छ ।

१. नीतिगत, कानूनी र नियमनकारी कार्यढाँचा
२. संस्थागत र संगठनात्मक संरचना
३. योजना, बजेट र अनुगमन
४. समन्वय, साझेदारी र सहकार्य
५. स्रोत र सक्षमता
६. अन्तरसम्बन्धित सवालहरू

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको मुख्य उद्देश्य स्थानीय तहमा विपद् जोखिम सुशासनलाई सुदृढ पार्नका लागि उद्देश्यपूर्ण र प्रभावकारी कार्यलाई उत्प्रेरित गर्नु हो । जसले अन्ततः जोखिमयुक्त समुदायहरूमा सकारात्मक प्रभाव पार्नुका साथै काममा उत्थानशीलता बढाउँछ र विपद्को नकारात्मक प्रभावलाई न्यूनीकरण गर्छ। साथै, यो सूचकले सरोकारवालाहरूलाई प्रभावकारी विपद् जोखिम सुशासनको आवश्यकतालाई राम्रोसँग बुझ्न मद्दत गर्छ र स्थानीय विपद् जोखिम व्यवस्थापन सम्बन्धी सुशासनको वर्तमान आधाररेखा (बेसलाइन) प्रस्तुत गर्दछ ।

"नगरपालिकाको विपद् जोखिम सुशासन मूल्याङ्कन सूचक नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि विद्यमान स्रोत, आवश्यकता, अवसर र चुनौतीहरू बुझ्न अत्यन्त उपयोगी छ । यसमा रहेका सूचकहरूले यस सम्बन्धमा योजना बनाउने, बजेट तय गर्ने र नीति निर्माण गर्ने क्रममा सहयोग गर्दछ ।"
बारवर्दिया नगरपालिकाका वरिष्ठ अधिकारी

नगर विपद् जोखिम सुशासन मुल्याङ्कनले पालिकाहरुको विपद् जोखिमको वास्तविक अवस्थाको लेखाजोखा गर्ने, नीति तथा योजना सुधारमा मार्ग दर्शन गर्ने, जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने , क्षमता विकासमा सहयोग र समुदायको सहभागिता र सहकार्यमा जोड दिने, स्रोत व्यवस्थापन र लगानीको प्राथमिकिकरण, दिगो विकास लक्ष्य् प्राप्तिमा सहयोग गर्दै विपद् जोखिम सुशासन सुदृढिकरणमा सहयोग गरेको छ ।

"स्पष्ट निर्देशिका तयार गर्दै तालिम र कार्यशालामा सहकार्य गर्ने, नमुना परिक्षण परियोजना संचालन गर्ने, अनुगमन र मुल्याङ्कन प्रणालीमा प्रभावकारिता अपनाउने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लक्ष्यहरुसँग सहकार्य गर्ने, प्रोत्साहन र पुरस्कार प्रणालीमा वैज्ञानिकता अपनाउने कुरालाई मन्त्रालयले प्राथमिकतामा राखेको छ । यी सबै कार्य गर्न उपयुक्त विकास साझेदारसँग सहकार्य गर्ने समेत मन्त्रालयको योजना रहेको छ ।"

मोहन कुमार घिमिरे
उप-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय



## सन्दर्भ: प्रकोप र उत्थानशीलता बिचको खाडल

नेपाल एशियामा भारत र चीनको बीचमा अवस्थित सापेक्षरूपमा सानो भूपरिबेष्ठित देश हो । यहाँको भू-बनोटमा विविधता छ । जसमा तराईको समतल भू-भाग समुन्द्र सतहबाट करिब ६० मिटरको न्यूनतम उचाइदेखि लिएर पृथ्वीको सबैभन्दा उच्च बिन्दु रहेको महालङ्गुर हिमालय पर्वत शृंखलासम्म फैलिएको छ । नेपालको दक्षिणी भागमा उष्ण मनसूनी हावापानीदेखि उत्तरमा हिमाली हावापानी सम्मको विविधता रहेको छ । यो भौगोलिक विविधता, भू-वैज्ञानिक सन्दर्भ, अव्यवस्थित छरिएर रहेका बस्तीहरू र तीव्र शहरीकरण जस्ता कारणहरूले गर्दा नेपाल विभिन्न किसिमका विपद्को जोखिममा रहेको छ । जसमा भूकम्प, बाढी, पहिरो, खडेरी, तातोहावाको लहर, शीतलहर, हिमपहिरो, आँधीहुरी आदि रहेका छन् । नेपालमा विपद्को कारणले समय समयमा विनाशकारी प्रभाव पर्ने गरेको छ । जसको कारण जनधन, निजी आवास, पूर्वाधार र जीविकोपार्जनमा ठूलो क्षति हुनुका साथै अर्थतन्त्रमा गम्भीर प्रभाव र जनसङ्ख्या विस्थापन जस्ता समस्याहरू भोग्नु परिराखेको छ ।

नेपालमा सन् २०१५ मा जारी भएको संविधान अनुसार सन् २०१७ मा भएको आम निर्वाचन पछि नयाँ संघीय संरचना लागुभएको छ । जसले संघ, प्रदेश, र स्थानीय सरकारहरूबीच अधिकार र जिम्मेवारीको वितरणलाई पुन परिभाषित गर्दै नयाँ कानूनी ढाँचा र संस्थागत व्यवस्थाहरूको विकासलाई गति दिएको छ । यो राष्ट्रिय पुनर्संरचनाले स्थानीयकरणको महत्त्वलाई जोड दिंदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सवाललाई स्थानीय सरकारहरूको दायित्वमा समाहित गरेको छ । यो परिवर्तनलाई आत्मसाथ गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तत्कालै नगरपालिकाहरूमा विपद् जोखिम व्यवस्थापन सम्बन्धी ज्ञान र क्षमता विकासको आवश्यकता पहिचान गरी ज्ञानको आदानप्रदान गर्ने कार्यलाई सहजीकरण गर्ने निर्देशिकाहरूको विकास गर्न सहयोगको लागि अनुरोध गरेको थियो ।

# हामी को हौं?

नेपाल रेडक्रस सोसाइटी नेपालको सबैभन्दा ठूलो मानवीय संस्था हो । जसले ७७ वटै जिल्लामा शाखा, उपशाखा र हजारौं स्वयंसेवकहरूको सञ्जाल मार्फत काम गर्दछ । नेपाल रेडक्रस सोसाइटीलाई विपद् जोखिम व्यवस्थापन र प्रतिकार्यका क्षेत्रमा महत्वपूर्ण सरोकारवालाका रूपमा कानूनी मान्यता प्राप्त छ, जसले राष्ट्रिय र स्थानीय सरकारको सहयोगी निकायको रूपमा कार्य गर्दछ ।

नेपालमा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघले नेपाल रेडक्रस सोसाईटीलाई देशव्यापी रूपमा समुदायको उत्थानशीलता निर्माण गर्ने प्रयासहरूलाई विस्तार गर्न सहयोग गर्दछ । यसले मुख्यतः राष्ट्रिय सरोकारवालाहरूसँग नीति संवादमा संलग्न हुने र समुदायको विपद् उत्थानशीलतामा उत्कृष्ट अभ्यासहरू प्रवर्द्धन गर्नका लागि ज्ञान र सूचनाको प्रसार गर्न सहयोग गर्दछ ।

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको निर्माण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नेतृत्वमा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघ, नेपाल रेडक्रस सोसाइटीद्वारा जुरिच बाढी उत्थानशील समूह (२०१९-२०२४) को सहयोगमा निर्माण गरिएको छ ।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघले उपलब्ध गराएको विपद् कानूनले राष्ट्रिय रेडक्रस र रेडक्रिसेन्ट सोसाईटीहरू तथा सरकारहरूलाई सहयोग र मार्गनिर्देशन प्रदान गर्नुका साथै विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित नीतिहरू विकास, पूर्वानुमानमा आधारित पूर्वकार्य, प्रारम्भिक कार्य र पूर्वसूचनाका साथै आवश्यक रोकथाम र जोखिम न्यूनीकरण, पूर्वतयारी र प्रतिकार्य, पुनःस्थापना, अन्तर्राष्ट्रिय प्रतिकार्य, संरक्षण र समावेशिता, तथा सार्वजनिक स्वास्थ्य आपतकालीन अवस्थालाई समेत समावेश गर्ने गरेको छ ।

नगर विपद् जोखिम सुशासन मुल्याङ्कन सूचकको निर्माणमा विपद् सम्बन्धी विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघको विपद् चेकलिष्टलाई सन्दर्भ सामाग्रीको रूपमा प्रयोग गरिएको छ ।

सन् २०१५-२०१८ | सन् २०१९ | सन् २०२० | सन् २०२१ | सन् २०२२ | सन् २०२३ | सन् २०२४

### संस्थागत सवल वातावरण

नेपालको संविधान, २०७२ ले संघीय संरचना र विकासको मार्ग प्रशस्त गर्दछ ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार (सञ्चालन) ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजन (सन् २०१८-२०३०)

### संस्करण एक: विकास र नमूना

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको संस्करण १ को मस्यौदा तयार गरिएको छ । जसमा समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चका ५० भन्दा बढी संस्थाहरूको सुझाव समावेश गरिएको छ । कोविड-१९ महामारीका कारण भएको ढिलाइका बावजुद नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको संस्करण १ लाई ८ वटा नगरपालिकामा परीक्षण गरिएको थियो ।

### संस्करण दुई: विकास र नमूना

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको संस्करण २ मा पहिलो संस्करणबाट प्राप्त सुझावहरू समावेश गरी सूचकहरूको संख्या घटाइ परिमार्जन गरिएको छ । नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकलाई ११ वटा नगरपालिकामा मर्सीकोर र नेपाल रेडक्रस सोसाइटीको नेतृत्वमा, डेनिस रेडक्रस र फिनिश रेडक्रसको सहयोगमा परीक्षण गरिएको छ । यी सूचकलाई नेपाली भाषामा अनुवाद गरी थप परिमार्जन तथा अनुमोदन प्रक्रियाका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गरिएको थियो ।


### पारित र कार्यान्वयन

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मार्च २०२४ मा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको अनुमोदन गर्यो। यी सूचकको प्रयोग १७ वटा पालिकाहरूमा नेपाल रेडक्रस सोसाईटी, अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघ, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चका साझेदारहरूको सहयोगमा सुरू गरिएको थियो ।

संस्करण एक: ८ वटा नगरपालिकामा नमूना कार्यक्रम

संस्करण दुई: ११ वटा नगरपालिकामा नमूना कार्यक्रम

यो नगर विपद् जोखिम सुशासन सूचकको अन्तिम संस्करण २६ वटा पालिकाहरुमा कार्यान्वयन गरियो।




## समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्च

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचक विभिन्न सरोकारवालासँगको सहकार्यमा निर्माण गरिएको हो । जसमा संघ र प्रदेश सरकारहरू, संयुक्त राष्ट्र संघका निकायहरू र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर-सरकारी संघ संस्थाहरू जस्तै मर्सीकोर, प्राक्टिकल एक्सन नेपाल पनि समावेश छन् । यसले विभिन्न दृष्टिकोणहरूको समावेशीकरण सुनिश्चित गर्न र विधिको व्यापक स्वीकृति र कार्यान्वयनलाई प्रवर्द्धन गर्न मद्दत पुर्याएको छ । समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चले यो निर्माणका लागि मुख्य समन्वयको कार्य गरेको थियो ।

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघ र नेपाल रेडक्रस सोसाईटीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग मिलेर समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन कार्यमञ्चको सचिवालयको कार्य गर्दछन् । यो कार्यमञ्च विपद् जोखिम व्यवस्थापनका लागि समन्वय र नीति निर्माणका लागि काम गर्ने एक समावेशी बहु-सरोकारवाला मञ्च हो । मानवीय र विकासका क्षेत्रमा क्रियाशिल करिब ३५ साझेदारहरूले नीति निर्माण र समुदायमा आधारित कार्यहरूमा आपसी अनुभवहरू साटासाट गर्न नियमित रूपमा बैठक बस्ने गर्छन् । साझेदार संघ संस्थाहरूले विकास गरेको कार्यमञ्चको उक्त वेबसाइटमा अंग्रेजी र नेपाली भाषामा दस्तावेज र प्रतिवेदनहरू उपलब्ध छन् ।

सन् २०२४ मा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकलाई सम्बन्धित मन्त्रालय तथा विभागहरूको प्रतिनिधि र सरोकारवालाहरूको सहभागीता र प्राविधिक परामर्श बैठकहरूको व्यापक प्रक्रियाबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले अनुमोदन गरेको हो । उक्त अनुमोदनले यी सूचकको समन्वय, विश्वसनीयता र दिगोपनाको सुनिश्चिततामा महत्वपूर्ण भूमिका खेलेको छ ।

### १ सामञ्जस्यता

यसको अनुमोदनले नगरपालिकाहरूलाई आफूसँग उपलब्ध विद्यमान विपद् जोखिम व्यवस्थापन प्रक्रिया र उपलब्ध स्रोतहरूसँग नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकलाई परिपूरकको रूपमा स्थापित गरेको छ ।

### २ विश्वनीयता

यस अनुमोदनले सूचकको विश्वसनीयता बढाउँछ र पालिकाका अधिकारीहरू र नेपालमा कार्यरत अन्य संस्थाहरूबाट सूचकको अझ बढी स्वीकृति प्राप्त गर्न प्रोत्साहन दिन्छ । 'अगाडी बढ्ने' स्रोतको रूपमा यसले विभिन्न कार्यक्रम र परियोजनाहरूमा मूल्याङ्कनलाई प्रणालीबद्ध गर्ने अवसर प्रदान गर्दछ ।

### ३ दीगोपना

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको अनुमोदन गर्नु भनेको यसको संस्थागत स्वामित्वको स्वीकृति पनि हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय नेपालका अन्य पालिकाहरूमा यी सूचकको कार्यान्वयनका लागि नेतृत्व र प्रवर्द्धन गर्न तयार छ ।

# प्रभाव

सन् २०२४ को अन्त्यसम्ममा नेपालका करिब ५% स्थानीय पालिकाहरूले नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको प्रयोग गरेर स्वमूल्याङ्कन प्रक्रिया सम्पन्न गरेका छन् । जसमा विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित स्रोत, सबलता, कमीकमजोरी र भावी प्राथमिकताहरू पहिचान गर्न नमूना चरण वा प्रारम्भिक कार्यान्वयनको हिस्सा समावेश छ । विपद् जोखिम सुशासनलाई सुदृढ गर्ने कार्यलाई उत्प्रेरित गर्ने गरी स्थानीय योजना र बजेटमा मुलभूत परिवर्तन गर्ने सूचकको रूपमा प्रभावहरू पहिले नै देखिएका छन् । जसमा अब आपसी साझेदारी र समन्वयमा सुधार तथा तिनको क्षमता विकास र समुदायिक संगठनमा लगानी जस्ता विषयहरू समावेश छन् ।

**५%**

**नेपालमा ५% पालिकाहरूले नगर विपद् जोखिम मूल्याङ्कन सुशासन सूचकको कार्यान्वयन गरेका छन् ।**

अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघ र नेपाल रेडक्रस सोसाईटीले यी प्रभाव कथाहरूको नमूना ती चार पालिका (सुदुरपश्चिम प्रदेशका टिकापुर नगरपालिका र पुनरबास नगरपालिका र कोशी प्रदेशका केराबारी गाउँपालिका र बेलबारी नगरपालिका नगरपालिका) बाट लिएको हो, जहाँ नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको कार्यान्वयनमा स्थानीय अधिकारीहरूलाई सहयोग गरिएको थियो ।

## नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले विपद्पूर्व, विपद्को समय र विपद् पश्चात गरिने जोखिम व्यवस्थापनका चरणमा सहयोग गर्दछ ।

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको कार्यान्वयनको परिणामस्वरूप स्थानीय सरकारका प्रतिनिधिहरूले विपद् जोखिम व्यवस्थापनका सबै चरणहरूमा कार्य गर्नका लागि आफ्नो भूमिका र जिम्मेवारीको बुझाइलाई फराकिलो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । उनीहरूले विगतका वर्षहरूमा विपद् व्यवस्थापनलाई कसरी बुझ्ने गरेका थिए भन्ने कुरामा महत्वपूर्ण परिवर्तन ल्याएको छ ।

“यस सूचकले हामीलाई हाम्रो गर्न बाँकी कामहरू के कति सम्पन्न गरेका छौं  र अझ के गर्न बाँकी छ भन्ने कुरा देखाएको छ । पहिले हामी नगरपालिकाको मुख्य भूमिका राहत सामग्री वितरण गर्नु हो भन्ने सोच्थ्यौं तर यस सूचकको कार्यान्वयन पछि राहत वितरण भनेको अन्तिम कदम हो भन्ने बुझ्यौं। हाम्रो मुख्य जिम्मेवारी भनेको प्रारम्भिक कार्य गर्नु र पूर्वसूचना प्रणाली स्थापना गर्नु पनि हो ।“

निर्मला चौधरी, विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति, टीकापुर नगरपालिका

यो नयाँ दृष्टिकोणले विपद् जोखिम व्यवस्थापन क्रियाकलापहरूको सीमाभन्दा बाहिरका क्षेत्रहरूमा पनि प्रभाव पारेको छ । पुनरबास नगरपालिकाका विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति ओमनाथ खनालले नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले निर्माण र पूर्वाधार विकासलाई हेर्ने नयाँ तरिका प्रदान गरेको कुरा बताएका छन् । अब उनले पूर्वाधार समावेश गरिएका प्रत्येक नयाँ सामुदायिक परियोजनामा विपद् पूर्वतयारीलाई ध्यानमा राखी परियोजना निर्माण गरिनुपर्छ भन्ने कुरामा विश्वास गरेका छन् ।

केराबारी गाउँपालिकामा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले जोखिमहरूको पहिचानमा महत्त्वपूर्ण भूमिका निभाउँदै प्रतिकार्य केन्द्रीत कार्यबाट मुख्य रूपले तयारी र व्यापक उत्थानशीलतामा पनि लगानी गर्ने एक समग्र दृष्टिकोणमा परिवर्तन ल्याएको छ । केराबारी विपद् शाखा प्रमुख चन्द्र बस्नेतले सूचकको माध्यमबाट हामीले हाम्रो कमजोर पक्षलाई दृष्टिगत गर्न समुदायलाई जोखिमहरूबारे शिक्षित गर्न र भविष्यका लागि प्रभावकारी योजना बनाउन सकेका छौं भन्नेकुरा बताए । यी सूचकले हाम्रो सबलता र सुधारको क्षेत्रहरूको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दै नगरपालिकालाई रणनीतिक रूपमा योजना बनाउन र अब ध्यान दिनुपर्ने प्रमुख क्षेत्रहरूलाई प्राथमिकता दिन मद्दत गर्यो ।



## यो नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले विपद् जोखिम व्यवस्थापनका लागि स्थानीय योजना र बजेट तर्जुमा कार्यको प्राथमिकीकरणमा मद्दत गर्दछ ।

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकहरूको नमूना
- ३.२: के विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नीति, योजना र प्रणालीको कार्यान्वयनका लागि पर्याप्त क्रियाकलाप र कोषको व्यवस्था गरिएको छ र साझा गरिएको छ?
- ३.८: के विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन योजनामा जोखिममा पर्ने समुदायहरूको सहभागिता सुनिश्चित गरिएको छ?

टिकापुर नगरपालिकाले नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको प्रयोगबाट पहिचान गरिएको मुख्य कमीकमजोरी र सुधारको क्षेत्रलाई सम्बोधन गर्दै वडास्तरमा एक लाख भन्दा बढीको विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरेको छ । यो बजेट पालिकाले उद्धार सामग्री किन्ने र समुदायमा प्राथमिक उपचार तालिमहरू आयोजना गर्न प्रयोग गरिएको छ । टिकापुर नगरपालिकाकी विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति निर्मला चौधरीले भनिन्, "नगरपालिकाले विपद् व्यवस्थापनलाई आफ्नो प्रमुख कार्यको रूपमा लिन्छ र विपद् उत्थानशीलतामा आफ्नो प्रतिबद्धता देखाउँदै एक समर्पित विपद् कोष स्थापना गरेको छ ।"  पुनरबास नगरपालिकाका मेयर तोया प्रसाद शर्माले "पहिले विपद् व्यवस्थापनको लागि समर्पित बजेट थिएन तर अहिले हामीले यस उद्देश्यका लागि विशेष रूपमा कोष छुट्याएका छौं" भन्नेकुरा थप्नुभयो ।

सूचकले नगरपालिकाहरूलाई लैङ्गिक, अपाङ्गता र सामाजिक समावेशिता मार्गदर्शन सिद्धान्तहरू स्थापना गरी समावेशी अभ्यासहरू अपनाउन पनि प्रोत्साहित गरेको छ । यी मार्गदर्शन सिद्धान्तहरूले महिला, अपाङ्गता भएका व्यक्ति र सामाजिक रूपमा बहिष्कृत समुदायहरू जस्ता बञ्चितिमा परेका समूहको आवश्यकतालाई स्थानीय शासन र योजना प्रक्रियामा समावेश गरिनु पर्छ भन्नेकुराको सुनिश्चितता गर्दछ ।

यी नगरपालिकाहरूमा नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले स्थानीय अधिकारीहरू बीच विपद् जोखिम व्यवस्थापनसँग सम्बन्धित योजना, नीति र रणनीतिहरू प्रति उनिहरूको जिम्मेवारी र सचेतना बढाएको छ । यसले विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्य योजना, जोखिम संवेदनशील भू-उपयोग योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाहरूको तर्जुमा मार्फत स्थानीय विपद् जोखिम व्यवस्थापन योजनामा सुधार हुँदै आएको छ ।



**नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले साझा जिम्मेवारी र सामूहिक क्रियाकलापलाई प्रवर्द्धन गर्छ ।**

नगर विपद् जोखिम शासकीय मूल्याङ्कन सूचकहरूको नमूना
- २.१३: के स्थानीय आपत्कालीन संचालन केन्द्र स्थापना गरिएको छ?
- ४.२: के विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका प्रमुख सरोकारवालासँग समन्वय, साझेदारी र सहकार्य हुने गरेको छ?




नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकमा जोड दिइएको छ वटा विषयगत क्षेत्रहरूमध्ये समन्वय, साझेदारी र सहकार्य एक हो । यसले पालिकालाई बहु-सरोकारवालासँग संलग्न हुन र प्रभावकारी विपद् व्यवस्थापनका लागि स्रोत र प्रयासलाई मिलाउन वा समन्वय गर्न प्रेरित गरेको छ । केराबारी विपद् विभागका प्रमुख चन्द्र बस्नेतले भने "प्रहरी, समुदाय, विपद् व्यवस्थापन टोली र जनप्रतिनिधिहरूसँगको समन्वय समान रूपमा महत्त्वपूर्ण छ । यो बजेटको कुरा होइन । यो समन्वय र सहकार्यको कुरा हो" ।

यी पालिकाका जनप्रतिनिधिहरूले नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकलाई जटिल विपद्को समाधानमा समूह कार्य र सहकार्यको उत्प्रेरकको रूपमा हेर्दै सरोकारवाला, स्थानीय अधिकारी र समुदायका सदस्यहरू बीच सहकार्यलाई प्रवर्द्धन गरेको कुरा पहिचान गरेका छन् । यसले सीमित स्रोतहरूको प्रभावकारी उपयोगमा प्रमुख भूमिका खेल्दछ । "यस सूचकले पालिकालाई दोहरो खर्च रोक्न मद्दत गरेको छ," पुनरबास नगरपालिकाका लागि नेपाल रेडक्रस सोसाइटीका कार्यक्रम अधिकृत, बिनायक पौडेलले भने । "उदाहरणका लागि, यदि कुनै संस्था वा निकाय, स्थानीय विपद् र जलवायु उत्थानशील योजना तर्जुमा गर्नका लागि सहयोग गर्न चाहन्छ भने नगरपालिकाले उनीहरूलाई कुन क्षेत्रमा कोष चाहिन्छ भन्ने कुराको मार्गदर्शन गर्न सक्छन्," उनले थपे ।

नगरपालिकाहरूले अहिले स्थानीय विपद् प्रतिकार्य व्यवस्थापन गर्न र सरोकारवालाहरू बीच प्रभावकारी समन्वय गर्नका लागि स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र स्थापना गरेका छन् । जसले नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले देखाएका प्रमुख खाडलहरूलाई सम्बोधन गरेको छ । पुनरबास नगरपालिकामा स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्रले अन्य सरकारी तहहरूसँग एक रणनीतिक समन्वय प्रणाली पनि स्थापना गरेको छ । "हामी अहिले जिल्ला आपतकालीन कार्यसंचालन केन्द्र र प्रदेश आपतकालीन कार्यसंचालन केन्द्रसँग निकटतम समन्वय गर्दछौं," पुनरबास नगरपालिका का मेयर श्री तोया प्रसाद शर्माले भने ।





**विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकले विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्तिको नियुक्त गर्नका लागि प्रोत्साहन गर्‍यो र सार्वजनिक जोखिम सचेतना वृद्धि र समुदाय संगठन सुदृढीकरणमा लगानी गर्न प्रोत्साहित गर्‍यो ।**

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकहरूको नमूना
- २.५: के विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसँग सम्बन्धित विषयगत विशेष शाखा/महाशाखा/विभागीय सम्पर्क व्यक्ति तोकिएको छ?
- ५.२: के समुदाय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र जलवायु परिवर्तन अनुकूलनमा क्षमता विकासका गतिविधिहरू सञ्चालन गरिएका छन्?

नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको कार्यान्वयनबाट ल्याइएको एक प्रमुख परिवर्तन भनेको नगरपालिका सम्पर्क व्यक्तिहरूको नियुक्ति हो जसले सबै विपद् जोखिम न्यूनीकरण गतिविधिको निगरानी र समन्वय गर्ने काम गर्छ । यो भूमिकाको स्थापना पछि, पालिकाहरूले स्थानीय विपद् जोखिम व्यवस्थापन क्षमता र स्रोतहरू निर्माणमा अझ प्रभावकारी रूपमा ध्यान दिन सक्षम भएका छन् ।

अधिकांश स्थानीय पालिकाहरूले पहुँचयोग्य र कम लागतको कार्यको रूपमा समुदायमा विपद् जोखिम सचेतना अभिवृद्धि गर्नका लागि कदम चालिरहेका छन् । टिकापुर नगरपालिकाका विपद् जोखिम न्यूनीकरण सम्पर्क व्यक्ति निर्मला चौधरीले भनिन्, "यसअघि प्रत्येक विपद् जोखिम व्यवस्थापन पहलको लागि कोषको आवश्यकता पर्छ भनि विश्वास गरिएको थियो, अब नगरपालिकाले ज्ञान एक शक्तिशाली सूचक हो भनेर बुझेको छ ।" चौधरीले थपिन, "कहिलेकाहीं, हाम्रो ज्ञान मात्र पनि पर्याप्त हुन्छ । त्यसैले हामी समुदायका स्कूलहरूमा जान्छौं र विद्यार्थीहरूसँग विपद् पूर्वतयारीको बारेमा ज्ञान बाँड्छौं ।" केराबारी विपद् विभागका प्रमुख चन्द्र बस्नेतले सचेतना र तयारीको महत्त्वलाई पुष्टि गर्दै भने, "विपद् कुनै पनि समय, कुनै पनि व्यक्तिमा पर्न सक्छ, त्यसैले सचेतना र प्रारम्भिक तयारी नै यस्तो अवस्थामा सामना गर्नको लागि चाहिने एक मात्र समाधान हो ।"

बेलबारी नगरपालिकामा सामुदायिक समूहको गठन मार्फत विपद् जोखिम व्यवस्थापनलाई सुदृढ बनाइएको छ । स्थानीय समुदायका सदस्यहरूलाई विपद् पूर्वतयारी र प्रतिकार्य सम्बन्धी सीप तथा तालिम दिइएको छ । जसको परिणामस्वरूप राम्रोसँग तयारी गरिएका स्थानीय टोलीहरूको गठन भएको छ र यसले विपद्को समयमा नगरपालिकाका अधिकारीहरूलाई सहयोग गर्न सक्छन् । यसका अतिरिक्त यस कार्यले विपद् व्यवस्थापनमा समावेशी र समुदाय-प्रेरित दृष्टिकोणलाई बढावा दिएको छ । नगर विपद् जोखिम सुशासन मूल्याङ्कन सूचकको कार्यान्वयनले नगरपालिकाको विपद् व्यवस्थापन क्षमतामा महत्वपूर्ण सुधार गरेको कुरा बेलबारी नगरपालिकाका प्रमुख दिल प्रसाद राईले भने ।



# अबको बाटो

नेपालमा संघीय संरचनाको कार्यान्वयन सुरू भएपछि अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाईटीको महासंघ र नेपाल रेडक्रस सोसाईटी र अन्य साझेदारहरूको सहयोगमा नगर विपद् जोखिम सुशासन मूल्यांकन सूचकलाई देशभरिका पालिकाहरूमा लागू गर्ने प्रक्रिया सुरु गरिएको छ । यो अध्ययनमा उल्लेखित उदाहरणहरूले उक्त सूचकको सम्भावनालाई उजागर गर्दछ । यसले स्थानीय जनप्रतिनिधिहरूलाई विपद् जोखिम व्यवस्थापनमा आफ्नो भूमिका बुझ्न र विद्यमान कमीकमजोरी तथा भावी प्राथमिकताहरूलाई सम्बोधन गर्ने क्रियाकलाप शुरु गर्न सहयोग पुर्‍याउँछ । यसको परिणामस्वरूप समुदायमा वास्तविक परिवर्तन देखिन्छ जसले जोखिममा रहेका मानिसहरुमा सकारात्मक प्रभाव पुर्‍याउँछ ।

निर्मला चौधरी, टिकापुर नगरपालिकाकी विपद् सम्पर्क व्यक्तिले भनिन्, "यो नगर विपद् जोखिम सुशासन मूल्यांकन सूचकले हामी सबै विपद् व्यवस्थापनमा संलग्न व्यक्तिहरूमा प्रेरणा उत्पन्न गरेको छ । हामीले हाम्रा प्रत्येक योजना र क्रियाकलाप समुदायको फाइदाका लागि हो भनि महसुस गरेका छौं । विपद्सँग लड्नु हामी सबैको साझा जिम्मेवारी हो ।"

# सम्मति

जुरिच बाढी उत्थानशील समूह जुन अहिले जुरिच जलवायु उत्थानशील समूहको नामले चिनिन्छ यो एक बहु–क्षेत्रीय साझेदारी हो जुन जेट जुरिच फाउण्डेसनद्वारा सञ्चालित छ र ग्रामीण तथा शहरी समुदायहरूमा जलवायु जोखिमसँग सम्बन्धित उत्थानशीलता बढाउने कार्यमा केन्द्रित छ । यसले समाधानका उपायहरूको कार्यान्वयन, राम्रो अभ्यासलाई प्रोत्साहन, नीति निर्माणमा प्रभाव र प्रणालीगत परिवर्तनलाई सरल बनाउँदै जलवायु जोखिमहरूको सामना गर्ने उद्देश्य राखेको छ । साथै यस साझेदारीले जलवायु जोखिमहरूको सामना गरिरहेका सबै समुदायहरूलाई उनीहरूको समृद्धि प्राप्तीमा सहयोग पुर्याउने लक्ष्य राखेको छ ।
थप जानकारीका लागि: www.ZCRAlliance.org


**सम्पर्क:**

बुद्धी सागर श्रेष्ठ, निर्देशक
विपद् व्यवस्थापन विभाग
नेपाल रेडक्रस सोसाइटी
sagar.shrestha@nrcs.org

भेष पराजुली
वरिष्ठ अधिकृत – विपद् जोखिम व्यवस्थापन नीति
अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको महासंघ (IFRC)
bhesh.parajuli@ifrc.org

**योगदानकर्ताहरू:** भेष पराजुली, अनिल राई, सोफिया माल्मक्विस्ट, केल जोनस्टोन, फ्रान्सिस्को इआन्नी



जुरिच बाढी उत्थानशील समूहका लागि जुरिच बिमा समूह बाहेक जेड जुरिच फाउण्डेसनद्वारा वित्तीय सहयोग प्राप्त छ । तथापि यस प्रकाशनमा व्यक्त विचारहरूले अनिवार्य रूपमा फाउण्डेसन वा कम्पनीको आधिकारिक स्थितिको प्रतिनिधित्व गर्दैन ।

Powered by: ZURICH Foundation

Climate Resilience Alliance

IFRC

Nepal Red Cross Society